HUME CITY COUNCIL

# फोहोरमैला निर्देशिका




## सडक किनारबाट फोहोरका डिब्बा (बिन) संकलन

ह्युमका बासिन्दाहरूलाई तीनवटा फोहोरका डिब्बाहरू उपलब्ध गराइन्छ। यी हुन्- पुनःचक्रण (रिसाइकल), FOGO (खाद्य जैविक र बगैंचा जैविक), र फोहोरमैलाका डिब्बाहरू।

यो सुरक्षित रूपमा र सजिलैसँग तपाईंको सामान्य घरेलु फोहोर र पुन: प्रयोग गर्न मिल्ने फोहोर फाल्नको लागि हो।

**निम्न कुराहरू याद राख्नुहोस्:**

- ✓ तपाईंका फोहोरका डिब्बाहरू सङ्कलनको दिनको अघिल्लो रात बाहिर निकाल्नुहोस्।
- ✗ आफ्नो फोहोरको डिब्बा टन्न नभर्नुहोस्। यदि फोहोरको डिब्बा धेरै भारी छ भने, यसलाई खाली गर्न सकिँदैन।

## फोहोरको डिब्बा संकलन दिन कहिले हो?

आफ्नो फोहोरको डिब्बा संकलन दिन पत्ता लगाउन, **hume.vic.gov.au/find-my-bin-day** मा जानुहोस् वा **9205 2200** मा फोन गर्नुहोस्।

हामी नयाँ वर्षको दिन, एन्जाक डे र क्रिसमस डेमा फोहोरका डिब्बाहरू सङ्कलन गर्दैनौं।

यी दिनहरूको सट्टा हामी अर्को दिन तपाईंको फोहोरका डिब्बाहरू सङ्कलन गर्नेछौं।

## पुन:चक्रण गर्ने फोहोरको डिब्बा (Recycling bin)

**तपाईंले सही तरिकाले पुन: चक्रण गरेको कसरी सुनिश्चित गर्ने:**

- ✔ यसलाई सफा राख्नुहोस्
- ✘ यसमा खाना नफाल्नुहोस्
- ✘ झोलाहरूमा नराख्नुहोस्- सबै वस्तुहरू खुकुलो हुनुपर्छ

**कुनै झोलाहरू नफाल्नुहोस् वा झोलामा रहेको वस्तुहरू नफाल्नुहोस्**



कागज र गत्ता




क्यान, एरोसोल र एल्युमिनियम फोइल



कडा प्लास्टिकका बोतल र भाँडाहरू




काँचका बोतल र जारहरू

## फोहोरको डिब्बा

**सकेसम्म ल्यान्डफिलमा फोहोर नफाल्ने प्रयास गर्नुहोस्। फोहोरहरू त्यहाँ पठाएपछि त्यहीँ रहन्छ । केही फोहोर कुहिन हजारौँ वर्ष लाग्न सक्छ।**

**निम्न कुराहरू याद राख्नुहोस्:**

- ✔ खाद्यान्न फोहोरलाई जैविक फोहोरको डिब्बा वा मल बनाउने फोहोरको डिब्बामा राख्नुहोस्
- ✔ पुन: प्रयोग गर्न मिल्ने भाँडाहरू पुन:चक्रण गर्ने फोहोरको डिब्बामा फाल्न सकिन्छ
- ✔ ई-फोहोरलाई काउन्सिल 'ड्रप-अफ' केन्द्रमा लैजानुहोस्
- ✔ उपयुक्त भएमा र पुन: प्रयोग गर्न मिल्ने सामानहरू उपलब्ध भएमा एकल प्रयोगका वस्तुहरू खरिद नगर्नुहोस्

**ल्यान्डफिलमा फाल्ने सामग्री**



फुटेको गिलास, भाँडाकुडा र ऐना



न्याप्पी र पाल्तु जनावरको दिसा



सामान्य फोहोर र प्लास्टिकका झोला



दान दिन नमिल्ने लुगा र खेलौनाहरू



## FOGO बिन

ह्युम नगर परिषदले नयाँ खाद्य जैविक र बगैंचा जैविक (FOGO) फोहोर संकलन सेवा शुरू गरेको छ। यसको मतलब सबै खाना अब तपाईंको FOGO बिनमा फाल्न सकिन्छ।

हामी तपाईंलाई तपाईंको खानाको फोहोरको लागि नि:शुल्क भान्सामा प्रयोग हुने भाँडो पनि दिनेछौं।

हरेक घरपरिवारले जुलाई २०२४ देखि FOGO बिन पाउनेछन्।







**फलफूल र तरकारीहरू**



**समुद्री खाना र मासु**



**टेकअवे र बाँकी रहेको खाना**



**बगैंचा:**
**पात र बगैंचाका काटेका फोहोर, झार र घाँसका काटेका फोहोर, साना हाँगाबिँगाहरु**

## टिप पासहरू

घरधनी र भाडामा बस्नेहरूले फोहोरको डिब्बामा नअट्ने धेरै ठूला वस्तुहरू फाल्नका लागि प्रति वर्ष दुईवटा टिप पासहरू प्राप्त गर्न सक्छन्।

तपाईंको कर सूचना (Rates Notice) मा रहेको QR कोड प्रयोग गर्नुहोस् वा टिप पास प्राप्त गर्न **९२०५ २२००** मा ग्राहक सेवालाई सम्पर्क गर्नुहोस्।

## संसाधन पुन:प्राप्ति केन्द्रहरू (Resource Recovery Centre)

हामी हाम्रा टिपहरूलाई संसाधन पुन:प्राप्ति केन्द्रहरू (Resource Recovery Centre) भन्छौं।

ई-फोहोर, रङ्ग र केही रसायनहरू जस्ता धेरै वस्तुहरू नि:शुल्क फाल्न सकिन्छ।

हाम्रो वेबसाइट **hume.vic.gov.au/visit-the-tip** मा गएर थप जान्नुहोस्



**स्थानहरू:**

**क्याम्पबेलफिल्ड**
बोलिन्डा रोड संसाधन पुन:प्राप्ति केन्द्र

**सनबरी**
रिडल रोड फोहोर र पुनर्चक्रण स्थानान्तरण केन्द्र र ल्यान्डफिल

**हाम्रा केन्द्रहरू सात दिन * बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्म खुल्ला रहन्छन्**

*नयाँ वर्षको दिन, गुड फ्राइडे, एन्जाक डे, क्रिसमस डे र आगो निषेधित दिनहरूमा बन्द रहन्छ।

## ह्युम सरसफाई दिनहरू

तपाईंले ठूला घरायसी वस्तुहरू हाम्रो ह्युम सरसफाई दिनहरू (ह्युम क्लीन डे) कार्यक्रमहरूमा टिपमा नि:शुल्क फाल्न सक्नुहुन्छ।

ह्युम सरसफाई दिनहरू प्रत्येक ऋतुको पहिलो शनिबार (मार्च, जुन, सेप्टेम्बर र डिसेम्बर) मा हुन्छन्।

अन्य काष्ठ सामान वा फोहोरहरूमा सामान्य महशुल र शुल्कहरू लाग्नेछ।


- म्याट्रेस (दस्ना)
- सोफाहरू
- टायरहरू
- सेता सामान (फ्रिज, लुगा धुने मेसिन र ड्रायर सहित)
- ई-फोहोर (टेलभिजिन, कम्प्युटर, प्रिन्टर, डीभडी, सीडी, स्पिकर, ध्वनि उपकरण, डीभिडी प्लेयर, भिडियो रेकर्डर, मोबाइल फोन, घरायसी उपकरणहरू सहित)

## कडा फोहोर सामानहरू (हार्ड वेस्ट)

हामी तपाईंको घरबाट वर्षमा दुई पटक कुनै अतिरिक्त शुल्क बिना कडा फोहोर सामानहरू (हार्ड वेस्ट) संकलन गर्नेछौं। हामी प्रत्येक सङ्कलनमा ३ क्यूबिक मिटर सङ्कलन गर्नेछौं, वा तपाईंले आफ्ना दुई सङ्कलनहरूलाई एउटा ठूलो ६ क्यूबिक मिटर सङ्कलनमा जोड्न सक्नुहुन्छ।

तपाईंका सामानहरू तपाईंको घर सीमाना भित्र राम्ररी राख्नु पर्छ, अन्यथा ती संकलन हुन सक्दैनन्।

तपाईंले hume.vic.gov मा कुनै पनि समयमा कडा फोहोर सामानहरू सङ्कलन गर्न अनलाइन बुक गर्न सक्नुहुन्छ। वा सोमबारदेखि शुक्रबार बिहान ८ बजेदेखि बेलुकी ५ बजेसम्म ९२०५ २२०० मा फोन गर्नुहोस् र विकल्प तीन थिच्नुहोस्।




## फोहोरमैला र फ्याकिएका फोहोर

फोहोर गर्नाले र फोहोर फाल्नाले हाम्रा सडकहरू फोहोर बनाउँछन् र हाम्रा जलमार्ग र पार्कहरूलाई प्रदूषित गर्न सक्छन्। ह्युमलाई सफा राख्न हामी सबैले आ-आफ्नो भुमिका निभाउन सक्छौं।

## फ्याँकिएको फोहोर सूचित गर्नुहोस्

अवैध रूपमा फोहोर फाल्ने व्यक्तिले ठूलो जरविाना तर्नुि पर्ने हुन्छ। यदि तपाईंले कसैले फोहोर फालेको वा फोहोर फालरिहेको देख्नुभयो भने, कृपया हामीलाई तुरुन्त सम्पर्क गर्नुहोस् वा **hume.vic.gov.au/report-an-issue** मा अनलाइन सूचति गर्नुहोस्।

**थप जानकारीको लागि QR कोड स्क्यान गर्नुहोस्, hume.vic.gov.au/waste मा जानुहोस् वा 9205 2200 मा फोन गर्नुहोस्।**

HUME CITY COUNCIL